226

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३०८/२०७०/०७१

भोजपुर जिल्ला, तिम्ला-४ स्थायी घर भई प्र.प्र.का. तालीम निर्देशनालयमा कार्यरत तत्कालीन प्र.ना.म.नि. गणेशराज राई ..........................................................................१ निवेदक

विरूद्ध

सदस्य सचिव, बढुवा समितिको सचिवालय, नेपाल सरकार, गृह मन्त्रालय ..........................१ विपक्षी

विषय :- उजुरी सम्वन्धमा ।

प्र.प्र.का. तालीम निर्देशनालय, नक्सालका तत्कालीन प्रहरी नायव महानिरिक्षक र हाल प्र.अ.म.नि. गणेशराज राईले सदस्य सचिव, बढुवा समितिको सचिवालय, नेपाल सरकार, गृह मन्त्रालय समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।२।२० मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०२।२१ को आदेश बमोजिम निवेदकले माग गरे बमोजिमको सूचना उपलब्ध गराई आदेश कार्यान्वयन गर्न लेखी पठाएकोमा बढुवा समितिको सचिवालय, नेपाल सरकार, गृह मन्त्रालयको मिति २०७१।२।२५, च.नं. ११८१ को पत्रबाट वढुवा सिफारिश सम्बन्धी सम्पूर्ण कागजातहरु लोकसेवा आयोग वढुवा उजुरी तथा विभागीय सजाय परामर्श शाखामा पठाइएकाले उपलब्ध गराउन नसकिएको भनी पुनरावेदकलाई जानकारी दिएको पत्रको बोधार्थ यस आयोगमा प्राप्त भएको देखिन्छ । सो पश्चात निज निवेदकले आफुले माग गरेको सूचना नदिएकोले उपलब्ध गराई पाउँ भनी पुन: यस आयोगमा मिति २०७१।०२।२६ गते निवेदन गरेकोमा यस आयोगको च.नं. ६४८, मिति २०७१।११।२२ को पत्रबाट गृह मन्त्रालय वढुवा समितिको सचिवालयलाई सो सम्बन्धमा थप जानकारी गराउन पत्राचार भएकोमा तहाँको च.नं. १३०२, मिति २०७१।१२।०४ को पत्रबाट निवेदकले माग गरेको सूचना उपलब्ध गराइसकेको भनी यस आयोगलाई जानकारी गराइएको हुँदा यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत निवेदनको लगत कट्टा गर्नू । यसको जानकारी निवेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल वैशाख १७ गते रोज ५ शुभम् ।